**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९, संख्या-१४, मिति २०८२/०८/०५**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## मोदी गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन कार्यविधि २०८२

**<u>प्रस्तावना:</u>** मोदी गाउँपालिकाको खेलकुद क्षेत्रको दिगो एवं दीर्घकालिन विकासको साथै खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी गाउँपालिका भित्रका युवाहरुमा शारीरिक र मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न तथा खेल पर्यटनको माध्यमबाट स्थानीय आर्थिक विकास तथा गाउँपालिकाको ऐतिहासिक विशिष्ट पहिचानको प्रवर्द्धन गर्दै मोदी गाउँपालिकाको अध्यक्ष कप प्रतियोगितालाई मर्यादित, अनुशासित एवं व्यवस्थित ढंगबाट संचालन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) उपदफा ४(क)४ को अधिनमा रहि सोही ऐनको दफा १०२को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम मोदी गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ रहेको छ ।

(२ यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “समिति” भन्नाले अध्यक्ष कप संचालन तथा व्यवस्थापनको लागी गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(ख) “वडा” भन्नाले मोदी गाउँपालिका अन्तरगतका वडाहरु सम्झनुपर्दछ ।

(ग) “समूह” भन्नाले एउटै समूह भित्र खेल्न भनी गाउँपालिकामा नाम दर्ता गराएका खेलाडीहरुको समुहलाई सम्झनुपर्दछ ।

(घ) “क्लव” भन्नाले नियमानुसार दर्ता भएका युवा क्लवहरुलाई सम्झनुपर्दछ ।

(ङ) “खेलाडी ” भन्नाले अध्यक्ष कप प्रतियोगितामा विभिन्न खेलमा सहभागी हुन योग्य खेलाडीहरु सम्झनुपर्दछ ।

(च) “आयोजक” भन्नाले अध्यक्ष कप आयोजना गर्ने मोदी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(छ) “संघ” भन्नाले जिल्ला खेलकुद विकास समिति पर्वत अन्तरगतका विभिन्न विषयगत संघहरुलाई सम्झनुपर्दछ।

(ज) “खेल अफिसियल» भन्नाले जिल्ला खेलकुद विकास समिति पर्वत सँग आवद्ध खेल अफिसियललाई सम्झनुपर्दछ।

(झ) “अम्पायर” भन्नाले जिल्ला खेलकुद विकास समिति पर्वत सँग आवद्ध विभिन्न खेलका अम्पायरलाई सम्झनुपर्दछ।

(झ) “स्वयंसेवक” भन्नाले अध्यक्ष कप खेलकुद प्रतियोगितामा स्वयंसेवकको भूमिकामा रहेका व्यक्तिहरुलाई सम्झनुपर्दछ । सो शब्दले स्वयंसेवकको भूमिका निर्वाह गर्ने विभिन्न विद्यालयका विद्यार्थीहरुलाई समेत जनाउँछ।

## परिच्छेद २

## समिति तथा उपसमिति सम्बन्धी व्यवस्था

(३) निर्देशक समिति अध्यक्ष कप प्रतियोगिता संचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णय गर्न मापदण्ड निर्धारण गर्न तथा आवश्यक समन्वय र निर्देशन गर्न तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) सामाजिक विकास शाखाको प्रमूख -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमूख -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(४) निर्देशक समितिको काम कर्तव्य र अधिकार निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन ।

(क) अध्यक्ष कप प्रतियोगितामा समावेश हुने विभिन्न खेलकुदहरुको विधाको छनौट पुरस्कार राशी मिति समय स्थान लगायतका विषयमा गाउँकार्यपालिकामा स्वीकृतीका लागी सिफारिस गर्ने ।

(ख) अध्यक्ष कप प्रतियोगिताको संचालन तथा व्यवस्थापनको समग्र अनुगमन तथा नियमन गर्ने ।

(ग) प्रतियोगिताको लागी आवश्यक पर्ने खेलकुद पूर्वाधारको विकास एवं व्यवस्थापनको लागी गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(घ) प्रतियोगिता संचालनको लागी गठित विभिन्न उपसमितिहरुलाई खर्चमा मितव्ययीयता कायम गर्न तथा प्रतियोगितालाई व्यवस्थित बना आवश्यक कार्यहरु गर्न निर्देशन दिने ।

(ङ) प्रतियोगितालाई मर्यादित शान्तिपुर्ण तथा व्यवस्थित रुपमा संचालन गर्न खेलकुद सँग सम्बन्धित जिल्ला खेलकुद विकास समिति लगायतका सरोकारवाला निकाय सँग आवश्यक समन्वय गर्ने ।

(च) प्रतियोगिता संचालनको लागी विभिन्न उपसमितिहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने ।

(५) संचालन तथा व्यवस्थापन समिति अध्यक्ष कप प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागी तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य -संयोजक

(ख) प्रशासन शाखा प्रमूख -सदस्य

(ग) आर्थिक प्रशासन शाखाको लेखापाल/सहायक लेखा अधिकृत -सदस्य

(घ) कार्यालयको जिन्सी उपशाखा प्रमूख -सदस्य

(ङ) गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिका भित्रका राष्ट्रिय तथा प्रादेशिक स्तरका खेलाडीहरु मध्येबाट प्रतिनिनिधित्व हुने गरी एक जना खेलाडी -सदस्य

(च) माध्यमिक विद्यालयहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्रधानाध्यापक -सदस्य

(छ) माध्यमिक बिद्यालयहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना खेल शिक्षक -सदस्य

(ज) गाउँपालिका भित्रका सक्रिय युवा क्लब मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना -सदस्य

(झ) शिक्षा युवा तथा खेलकुद उपशाखाको प्रमूख -सदस्य सचिव

(६) संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार, संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्ष कप खेलकुद प्रतियोगिताको संचालन तथा व्यवस्थापन गर्ने ।

(ख) प्रतियोगिताको लागी आवश्यक पर्ने पूर्वाधार तथा खेल सामग्रीहरुको व्यवस्थापन गर्ने ।

(ग) प्रतियोगिता संचालन गर्ने मिति समय र स्थान सम्बन्धमा निर्देशक समितिलाई

आबश्यक सम्मान प्रदान गर्ने।

(घ) प्रतियोगितालाई मर्यादित र व्यवस्थित रुपमा संचालन गर्न सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने

(ङ) गाउँपालिका बाहिरबाट आउने खेलाडी तथा खेल अफिसिलहरु एवं अम्पायरहरुको लागी गाउँपालिकाको प्रचलित खर्चको मापदण्ड, निर्देशक समिति तथा प्रमुख प्रशासकीय अधिकृतको निर्दशन बमोजिम आवश्यक व्यवस्थापन गर्ने।

(च) प्रतियोगिताको संचालनको लागी गाउँसभाबाट चालु आर्थिक वर्षको लागी विनियोजित बजेटको सिमाभित्र रहि मितव्ययी रुपमा प्रतियोगिता संचालन गर्न सहयोग गर्ने ।

(छ) प्रतियोगिता संचालनको लागी विभिन्न उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने ।

(ज) खेलकुद प्रतियोगिताको प्रचार प्रसार गर्ने ।

(झ) प्रतियोगितामा समावेश गर्न सकिने खेलकुदका विधाहरु पुरस्कार राशी लगायतका विषयमा निर्देशक समितिलाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ञ) खेलकुद सँग सम्बन्धित विभिन्न निकायहरु, युवा क्लवहरु, नागरिक समाज, टोल सुधार समितिहरु, आमा समुह, सक्रिय एवं निवृत खेलाडीहरु, खेलप्रेमी, खेलपत्रकारहरु लगायत सँग सहकार्यको वातावरण निर्माण गर्ने र आवश्यक समन्वय गर्ने ।

(ट) खेलकुद प्रतियोगिता संचालन हुने स्थान सँग सम्बन्धित आधिकारिक निकाय सँग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(७) उपसमितिहरुको गठन: (१) अध्यक्ष कप प्रतियोगिता संचालन तथा व्यवस्थापनमा सहजीकरणका लागी प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहत तथा निर्देशनमा कामकाज गर्न तोकिएका सदस्यहरु रहेको देहाय बमोजिमका उपसमितिहरु गठन तथा परिचालन गर्न सकिनेछ ।

(क) विवाद समाधान उपसमिति

(ख) अतिथी सत्कार तथा खाजाखाना व्यवस्थापन उपसमिति

(ग) सुचना सम्प्रेषण, प्रचार प्रसार, मञ्च व्यवस्थापन तथा स्वयंसेवक परिचालन उपसमिति

(घ) सास्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति

(ङ) कार्यालय संचालन तथा सचिवालय व्यवस्थापन उपसमिति

(च) प्रतियोगिता संचालन तथा व्यवस्थापन उपसमिति

(छ) प्राथमिक उपचार उपसमिति

(२) उपदफा (१) मा उल्लेखित उपसमितिहरुलाई प्रतियोगितामा समावेश खेलकुद एवं अन्य कार्यक्रमहरुको संचालनको आवश्यकता अनुसार एक आपासमा संयोजन गर्न वा छुट्टाउन सकिनेछ ।

(३) यस दफामा माथी जुनसुकै कुरा उल्लेख भएतापनी विवाद समाधान उपसमितिको गठन गाउँकार्यपालिका सदस्यको संयोकत्वमा रहने गरी निर्देशक समितिले गर्नेछ । गाउँकार्यपालिकाले साविक बमोजिमको समितिलाई आवश्यकता तथा औचित्यतताको आधारमा निरन्तरता दिन सक्नेछ ।

## परिच्छेद ३

## अध्यक्ष कप प्रतियोगिता संचालन प्रक्रिया

(८) अध्यक्ष कप संचालन प्रक्रिया: (१) मोदी गाउँपालिकाले आयोजनामा गर्ने अध्यक्ष कप खेलकुद प्रतियोगिता प्रत्येक वर्ष संचालन हुनेछ ।

(२) अध्यक्ष कप खेलकुद प्रतियोगिता मोदी गाउँपालिका स्तरिय खेलमैदान वा गाउँपालिका भित्रका अन्य उपर्युक्त खेलमैदानमा संचालन हुनेछ ।

(३) अध्यक्ष कप खेलकुद प्रतियोगितामा सहभागी हुनको लागी अन्तर स्थानिय तह स्तरिय तहको खेलकुद प्रतियोगितमा सम्बन्धित स्थानिय तहको वडा स्तरिय खेलकुद प्रतियोगितामा सम्बन्धित वडाको तथा विद्यालय स्तरिय खेलकुद प्रतियोगिताको लागी सम्बन्धित विद्यालयको सिफारिस तथा प्रमाणित EMIS रेकर्ड विभिन्न क्लव स्तरिय खेलकुद प्रतियोगितामा सम्बन्धित युवा क्लवको सिफारिस साथ अनुसुची (१) बमोजिमको फाराम सहित सहभागिताको लागी निवेदन पेश गर्नुपर्नेछ ।

(४) यस दफामा माथी जुनसुकै कुरा उल्लेख भए तापनी विभिन्न विधाका खुल्ला प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले खुल्ला प्रतियोगिता अन्तर्गत संचालन हुने खेल सँग सम्बन्धित निकायको सिफारिस निवेदन साथ संलग्न राख्नुपर्नेछ ।

(५) अध्यक्ष कप प्रतियोगिता खुल्ला तथा कुनै स्थान र उमेर समुह तोकेर संचालन गर्न सकिनेछ ।

(६) प्राकृतिक प्रकोप विपदजन्य घटना वा कावु बाहिरको परिस्थितिको कारण अध्यक्ष कप प्रतियोगिता स्थगन गर्नुपरेमा सोको कारण सहितको निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।गाउँकार्यपालिकाको निर्णय सहित सम्बन्धित पक्षलाई तुरुन्त छरिटो माध्यमद्धारा जानकारी गराउनुपर्नेछ । परिस्थिति अनुकुल भएपश्चात स्थगित गरिएको प्रतियोगिता सञ्चालन गर्नुपूर्व कम्तिमा १५(पन्ध्र) दिनको समय दिई सार्वजनिक सुचना तथा जानकारी मार्फत सम्बन्धित पक्षलाई सुचित गर्नुपर्नेछ ।

(९) अध्यक्ष कप प्रतियोगितमा समावेश हुने खेलकुदहरु सम्बन्धी व्यवस्था:

(१) अध्यक्ष कप प्रतियोगितामा देहाय बमोजिमका खेलकुदहरु समावेश गरिनेछ ।

(क) अन्तर स्थानीय तह /वडा स्तरीय खुल्ला भलिबल प्रतियोगिता

(ख) अन्तर स्थानीय तह/वडा स्तरीय खुल्ला फुटवल प्रतियोगिता

(ग) खुल्ला व्याडमिन्टन प्रतियोगिता

(घ) विद्यालय स्तरीय भलिबल प्रतियोगिता

(ङ) विद्यालय स्तरीय फुटबल प्रतियोगिता

(च) अन्तर विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता

(छ) खुल्ला भलिबल तथा फुटबल प्रतियोगिता

(ज) खुल्ला/ विद्यालय स्तरीय एट्लेक्टिक्स विधा सँग सम्बन्धित खेलहरु

(झ) म्याराथुन /हाफ म्यारथुन /अल्ट्रा म्याराथुन प्रतियोगिता

(२) उपदफा (१) मा उल्लेखित खेलकुदहरु बाहेकका खेलहरु समावेश गर्नुपरेमा दफा (३) सँग सम्बन्धित निर्देशक समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) अध्यक्ष कप प्रतियोगितामा खेलकुदको साथसाथै मोदी गाउँपालिकामा प्रचलित लोक एवं मौलिक संस्कृती सँग सम्बन्धित रत्यौली, भजन चुड्का, सालैजो, मारुनी नाच, घाटु नाच तथा विभिन्न जात जाती समुदाय सँग सम्बन्धित गित, नृत्य, वाद्यवाधन प्रतियोगिताहरु समावेश गर्न सकिनेछ ।

(४) प्रतियोगितामा दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न घैंटो फुटाउने, लठो तान्ने, म्युजिकल चेयर जस्ता खेलहरु एवं विभिन्न कलाकारहरुको सांगितक प्रस्तुतीहरु समेत समावेश गर्न सकिनेछ ।

(१०) प्रतियोगिता संचालन हुने स्थान र समयावधी व्यवस्था :(१) आयोजकले प्रतियोगिता संचालन हुने स्थान र समय सम्बन्धी सुचना कम्तिमा ३ (तीन) दिन अगावै खेल सम्बद्ध खेलाडी खेल अफिसियल तथा सम्बन्धित पक्षलाई जानकारी दिनुपर्नेछ ।

(२) अध्यक्ष कप प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(११) शिल्ड, मेडल, ट्रफी तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था: (१) अध्यक्ष कप प्रतियोगिता अन्तर्गत संचालन हुने विभिन्न खेलहरुमा प्रदान गरिने शिल्ड मेडल तथा प्रमाणपत्रको ढाँचा खेलकुद सँग सम्बन्धित प्रचलित संघिय तथा प्रदेश ऐन, कानुन, मापदण्ड एवं यस कार्यविधिको अनुसुचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) शिल्ड मेडल तथा प्रमाणपत्रको ढाँचामा आंशिक वा पुर्ण रुपमा परिमार्जन गर्नुपरेमा निर्देशक समितिको निर्णय बमोजिम गर्नुपर्नेछ ।

(१२) रेफ्री तथा अम्पायर सम्बन्धी व्यवस्था: (१) अध्यक्ष कप प्रतियोगता अन्तर्गत संचालन हुने विभिन्न खेलहरु लाई प्रभावकारी निष्पक्ष र विधिवत रुपमा संचालन तथा व्यवस्थापन गर्न खेल सँग सम्बन्धित निकायबाट लाइसेन्स प्राप्त अनुभवी रेफ्री अम्पायर तथा खेल अफिसियलहरुलाई कार्यालयसँग द्धिपक्षिय सम्झौता गरी काममा लगाउन सकिनेछ

(२) अनुभवी र लाईसेन्स प्राप्त रेफ्री अम्पायर तथा खेल अफिसिलहरुको व्यवस्थापनको लागी जिल्ला खेलकुद विकास समितिसँग आवश्यक समन्वय सहकार्य तथा सम्झौता गर्न सकिनेछ ।

(३) रेफ्री, अम्पायर तथा खेल अफिसियलहरु खेलकुद सँग सम्बन्धित आधिकारिक निकाय सँग अनुबन्धित भएको र विवादरहित हुनुपर्नेछ।

(४) रेफ्री अम्पायर तथा खेल अफिसियलहरुले आँफु निर्णायक रहेको खेल सँग सम्बन्धित प्रचलित संघिय तथा प्रदेश ऐन, नियम, मापदण्डह एवं आचारसंहिताहरुको अक्षरश: पालना गर्नुपर्नेछ ।

(५) रेफ्री अम्पायर तथा खेल अफिसियलहरु तथा कार्यालय विच हुने द्विपक्षिय सम्झौताको ढाँचा अनुसुची-३ बमोजिम हुनेछ ।

(६) रेफ्री अम्पायर तथा खेल अफिसियलहरुले अनुसुची-४ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।

(७) सांस्कृतिक कार्यक्रमका निर्णायकहरु सँग अनुसुची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(८) रेफ्री अम्पायर तथा खेल अफिसियलहरुलाई प्रदान गरिने पारिश्रमिक सम्बन्धमा प्रचलित संघिय तथा प्रदेश कानुनले तोकेको मापदण्ड एवं मोदी गाउँपालिकाको प्रचलित खर्च मापदण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

(१३) खेल तथा खेलाडीको मापदण्ड सम्बन्धी व्यवस्था: (१) अध्यक्ष कप अन्तर्गत खेलाईने खेलहरुमा खेलकुदको राष्ट्रिय मापदण्डमा उल्लेख भए बमोजिम हुने गरी दफा सँग सम्बन्धित संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रतियोगितामा संचालन हुने खेलकुदमा भाग लिने खेलाडीहरुले अनुसुची -१ बमोजिमको फाराम भरी तोकिएको समयावधीभित्र आयोजक समक्ष बुझाउनुपर्नेछ ।

(३) खेलाडीहरुको अयोग्यताको प्रश्न उठेमा प्रचलित संघिय तथा प्रदेश कानुनको अधिनमा रहि विवाद समाधान उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) विवादको निरुपणको लागी विवाद समाधान उपसमितिले आवश्यकता अनुसार सम्बन्धित खेलका रेफ्री तथा खेल अफिसियलहरुको राय सुझाव लिन सक्नेछ ।

(५) उमेर समुह तोकिएका खेलकुद प्रतियोगिताहरुको हकमा खेलाडीको उमेर सम्बन्धी विवाद भएमा जन्म दर्ता प्रमाणपत्र नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रलाई आधार लिनुपर्नेछ ।

(६) बिजेता खेलाडीहरुलाई अनुसुची -२ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद ४

## आर्थिक व्यवस्थापन तथा भुक्तानी प्रक्रिया

(१४) पेश्की तथा भुक्तानी प्रक्रिया: (१) अध्यक्ष कप प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागी नगद पुरस्कार व्यवस्थापन तथा विभिन्न पक्षलाई समयमा नै भुक्तानी प्रदान गर्ने प्रयोजनका लागी दफा ५बमोजिमको संचालन

तथा व्यवस्थापन समितिको सदस्य वा सदस्य सचिव वा दफा (७) मा उल्लेखित उपसमितिका संयोजक वा सदस्यहरु मध्ये एक वा सो भन्दा बढी सदस्यलाई प्रचलित संघिय प्रदेश तथा मोदी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन नियमावलीको अधिनमा रहि नियमानुसार पेश्की रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिईएको पेश्की सम्बन्धित व्यक्तिले प्रचलित संघिय प्रदेश तथा मोदी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन नियमावली मा उल्लेखित अवधीभित्र फर्छयौट गरिसक्नुपर्नेछ

(३) तोकिएको कार्य वा भुक्तानी गर्नुपर्ने पक्ष बाहेक अन्य प्रयोजनमा पेश्की रकमको दुरुपयोग गर्न पाईनेछैन ।कुनै पनि पक्षलाई बुझाईएको रकमको प्रचलित कानुनी व्यवस्था बमोजिम बिल बिजक सहित भरपाई गरेर मात्र भुक्तानी गर्नुपर्नेछ ।

(४) तोकिएको अवधिभित्र आवश्यक कागजात प्रमाण बिल बिजक भर्पाई पेश हुन नसकी पेश्की फर्छयौट हुन नसकेमा पेश्की लिने व्यक्ति स्वयं जिम्मेवार हुनेछ ।

(५) अन्तर स्थानिय तह अन्तर्गतका खेलकुद प्रतियोगितामा बिजयी स्थानिय तहले प्राप्त गर्ने नगद पुरस्कार सोझै सम्बन्धित स्थानिय तहको विविध खातामा जम्मा गर्न वा सम्बन्धित टिमको टिम क्याप्टेनलाई भर्पाई गरी नगदै प्रदान गर्न सकिनेछ ।

(६) विद्यालय स्तरिय प्रतियोगिताको हकमा नगद पुरस्कार वापतको रकम सम्बन्धित विद्यालयको खातामा पठाउनुपर्नेछ।

(७) अध्यक्ष कप प्रतियोगिता अन्तर्गत संचालन हुने सबै प्रकारका खेलकुद तथा सांस्कृतिक कार्यक्रममा प्रदान गरिने नगद पुरस्कारहरु भरपाई गरी सम्बन्धित बिजेता पक्षलाई प्रदान गर्नुपर्नेछ ।

(५) यस दफामा माथी जुनसुकै कुरा उल्लेख भएतापनी पेश्की रकम सम्बन्धित समिति वा उपसमितिमा रहेका कर्मचारीलाई मात्र प्रदान गर्नुपर्नेछ ।

(१५) पुरस्कार सम्बन्धी व्यवस्था: (१) अध्यक्ष कप प्रतियोगितामा समावेश खेलकुद तथा सांस्कृतिक कार्यक्रम तर्फ प्रथम द्धितिय र तृतिय स्थान हासिल गर्ने समुह वा एकल खेलाडीहरुलाई ट्रफी मेडल नगद तथा प्रमाणपत्र प्रदान गरिनेछ

(२) अध्यक्ष कप प्रतियोगितामा समावेश समुहगत खेलकुद तथा सांस्कृतिक कार्यक्रम तर्फका बिजेता र उपबिजेतालाई मात्र पुरस्कारको व्यवस्था गरिनेछ ।तर एकल बिधातर्फ भने प्रथम द्धितिय र तृतिय स्थान प्राप्त गर्न सफल खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।

(२) निर्देशक समितिको निर्णयानुसार सहभागी समुह तथा खेलाडीहरुलाई सान्त्वना स्वरुप नगद तथा प्रमाणपत्र प्रदान गर्न सकिनेछ ।

(३) सास्कृतिक कार्यक्रम तर्फ समावेश कार्यक्रममा सहभागी हुन आउने प्रतिस्पर्धी समुहलाई प्रचलित खर्चको मापदण्ड बमोजिमको यातायात खर्चको व्यवस्था गर्न सकिनेछ ।

(४) अन्तर स्थानीय तह तर्फका खेलकुदमा भाग लिन अन्य स्थानिय तहहरुबाट आउने सहभागी खेलाडीहरुको व्यवस्थापनको लागी निर्देशक समितिको सिफारिस तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम प्रचलित खर्चको मापदण्डको अधिनमा रहि यातायात खर्च वा खाजा खाना खर्च स्वरुप एकमुष्ट रकम उपलब्ध गराउन सकिनेछ।

(५) अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता अन्तर्गत भाग लिने मोदी गाउँपालिकाको खेलाडीहरुलाई मोदी गाउँपालिकाले प्रचलित खर्चको मापदण्डको अधिनमा रहि खाना तथा बासको प्रवन्ध गर्न सक्नेछ ।

(६) पुरस्कारको मापदण्ड तथा रकम निर्देशक समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(१६) प्रतिवेदन: (१) अध्यक्ष कप प्रतियोगिता संचालन तथा व्यवस्थापन समितिले प्रतियोगिता सम्पन्न भए पश्चात प्रतियोगिता सम्पन्न भएको १५ (पन्ध्र) दिनभित्र निर्देशक समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ । निर्देशक समितिले अन्तिम प्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(३) अध्यक्ष कप प्रतियोगितामा भएको खर्च गाउँकार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(१७) निर्देशक समिति र संचालन तथा व्यवस्थापन समितिको बैठक: (१) निर्देशक समिति र संचालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको कार्यविधि समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समिति तथा उपसमितिको बैठक भत्ता सम्बन्धमा मोदी गाउँपालिकाको खर्चकमो मापदण्डमा तोकिए बमोजिम हुनेछ ।

(१८) सपथ ग्रहण: (१) रेफ्री अम्पायर तथा खेल अफिसियलहरुले कार्यक्रमको प्रमुख अतिथीबाट र खेलाडीहरुले रेफ्री तथा अम्पायर समक्ष सपथ ग्रहण गर्नुपर्नेछ ।

(२) अध्यक्ष कप प्रतियोगिताको रेफ्री तथा अम्पायरहरुले अनुसुची-४ तथा खेलाडीहरुले अनुसुची ५ बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नुपर्नेछ ।

(१९) बाधा अड्काउ फुकाउ: यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आईपरेमा सो बाधा अडकाउ फुकाउने

अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

(२०) संशोधन र खारेजी: यस कार्यविधिमा आवश्यक संशोधन वा खारेजी गाउँकार्यपालिकाले गर्नेछ ।

**आज्ञाले**
**बाबुराम पुरी**
**प्रमूख प्रशासकीय अधिकृत**

# अनुसुची -१

## अध्यक्ष कप प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले भर्नुपर्ने फारामको ढाँचा

## परिच्छेद (३) को दफा (१३) को उपदफा (२) सँग सम्बन्धित

१ सहभागी खेलाडीको नामथरः

२ सहभागी खेलाडीको बाबुको नामथरः

३ सहभागी खेलाडीको स्थायी ठेगानाः

फोटो

४ सहभागी खेलाडीको जन्मदर्ता नं/ नागरिकता नं./ राष्ट्रिय परिचयपत्र नं : ....................................

५ कक्षा र EMIS नं (विद्यार्थी हसभागी हुने खेलको लागी मात्र)

६ सहिछाप र दस्खत : ..........................................

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने

पदाधिकारीको नामथर :

पदाधिकारीको पद :

कार्यालयको नाम :

कार्यालयको ठेगाना :

सम्पर्क नं :

कार्यालयको

छाप

हस्ताक्षर :

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनलाईन प्रणालीबाट जारी जन्मदर्ताको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र वा राष्ट्रियपरिचय पत्रको प्रमाणपत्रको छायाँप्रति

२. हालसालै खिचेको पासपोट साईजको २ प्रति फोटो

३. विद्यार्थी सहभागी हुने खेलको लागी विद्यार्थी परिचयपत्र तथा EMIS नं खुल्ने प्रमाणको सक्कल प्रति

४. मोदी गाउँपालिका बाहिरको स्थानिय तहको टिमको हकमा सम्बन्धित स्थानिय तहको सिफारिस

५. मोदी गाउँपालिका भित्रको टिमको हकमा सम्बन्धित वडा कार्यालय विद्यालय वा सम्बन्धित संस्थाको सिफारिस ।

**अनसुची -२**

**परिच्छेद (३) को दफा (१३) को उपदफा (६) सँग सम्बन्धित**

**अध्यक्षकप प्रतियोगिताको बिजेताहरुलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा**

मोदी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पातीचौर पर्वत

**प्रमाणपत्र**

मोदी गाउँपालिका, गाउँकार्यपालिको कार्यालय, पातीचौर पर्वतको आयोजनामा मिति २०...............देखि...............सम्म .........संचालन

भएको................अध्यक्षकप खेलकुद प्रतियोगिता अन्तर्गत..............................खेलमा सहभागी भई.............. म.न.पा./उ. म. न. पा./

न.पा./गा.पा. वडा नं............बस्ने तपाई श्री.....................ले..................स्थान हासिल गर्न सफद्य हुनुभएकोमा हार्दिक बधाई सहित

यो प्रमाणपत्र प्रदान गरिएको छ ।

आगामी दिनमा खेलकुदको क्षेत्रमा यहाँको उत्तरोउत्तर प्रगती एवं उज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख प्रशासकीय अधिकृत उपाध्यक्ष अध्यक्ष प्रमुख अतिथी

## अनुसुची -३

## परिच्छेद (३) को दफा १२(५) सँग सम्बन्धित

श्री मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय यसपछि पहिलो पक्ष भनिने र ..................खेलको अम्पायर रेफ्री श्री .........बिच

यसपछि दोस्रो पक्ष भनिने बिच मिति........................मा देहायको शर्तहरुको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा

उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति आपसमा बुझि लियौं दियौं ।

शर्तहरु

१. खेलको एम्पायर गरे बापत पाउने पारिश्रमिक रकम: खेलकुद सम्बन्धी प्रचलित मापदण्ड बमोजिम नियमानुसार

करकट्टी गरी उपलब्ध गराईनेछ ।

२. काम गर्नुपर्ने स्थान: मोदी गाउँपालिका गाउँ कार्यपालिकाले खेलकुद प्रतियोगिता संचालन गर्न तोकेको स्थान

३. समय र अवधि : खेलकुद कार्यक्रम संचालन अवधीभर (मिति ..............देखि .......................सम्म )

४. सम्झौतामा उल्लेख भएको भन्दा बाहेक अन्य कुनैपनि पनि सेवा सुविधा दोस्रो पक्षले माग गर्न पाउनेछैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई गाउँपालिकाको प्रचलित खर्चको मापदण्डको बमोजिम खाना खाजा तथा बासको प्रवन्ध गर्नुपर्नेछ।

६. खेललाई निष्पक्ष धाँधलीरहित र शान्तिपुर्ण रुपमा खेलाउनुपर्नेछ ।

७. खेलाडीहरुलाई संविधान तथा प्रचलित कानुनले बर्जित गरेका कुनै पनि प्रकारको विभेद गर्न पाईनेछैन ।

८. खेलाडीहरुलाई समय र आचरणको परिपालनामा कडाईका साथ नियमन गर्नुपर्नेछ ।

९. आयोजकले निर्धारण गरेको खेल तालिकामा प्रतिकुल असर नपर्ने गरी खेल खेलाउनुपर्नेछ ।

१०. खेलको नतिजामा कुनै पनि पक्षलाई चित्त नबुझेमा वा कुनै उजुरी परेमा तत्काल सोको निराकण गर्न विवाद समाधान

उपसमिति सँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

११. खेलको नतिजा तोकिएको ढाँचामा आयोजकलाई खेल सकिए पश्चात तुरुन्त उपलब्ध गराउनुपर्नेछ ।

१२. खेलकुदको लागी निर्धारित समयलाई दोस्रो पक्षले कडाईका साथ पालना गर्नु गराउनुपर्नेछ ।

१३. खेलकुद प्रतियोगितामा लैंगिक संवेदनशिलतालाई कडाईका साथ कायम गर्नु गराउनुपर्नेछ ।

१४. खेल अम्पायरले यस सम्झौताको उल्लंघन गरेमा प्रथम पक्षले जुनसुकै बखत यो सम्झौता रद्द गर्न सक्नेछ ।

१५. यस सम्झौतामा उल्लेख भएका विषय यसै सम्झौता बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको**

दस्तखत :............................

नामथर :.............................

पद :..................................

कार्यालय मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, पातिचौर पर्वत

**दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको**

दस्तखत: ..................................

नामथर: ....................................

पद : ..........................................

लाईसेन्स नं/ प्रमाणपत्र नं: ..........................

प्रमाणपत्र जारी गर्ने निकाय: ..........................

प्रमाणपत्र जारी भएको मिति : .........................

प्रमाणपत्र बहाल रहेको मिति : .......................

प्रथम पक्षको तर्फबाट रोहबर बस्नेको

दस्तखत: ................................

नामथर :.................................

पद :.......................................

दोस्रो पक्षको तर्फबाट रोहबर बस्नेको

दस्तखत: .....................................

नामथर :.....................................

पद :............................................

लाईसेन्स नं प्रमाणपत्र नं : .....................................

ईति सम्वत् ......................साल . .........................महिना ............................गते रोज ...................शुभम

## अनुसुची -४

परिच्छेद (३) को दफा (१२) को उपदफा (६) सँग सम्बन्धित

रेफ्री, अम्पायर, निणार्यक, खेल अफिसिलहरुको शपथ ग्रहणको ढाँचा

म ............................खेलको रेफ्री रअम्पायरर खेल अफिसियल को तर्फबाट यो शपथ गर्दछु कि मैले गण्डकी प्रदेश पर्वत जिल्ला मोदी गाउँपालिकामा ........................देखि.....................सम्म आयोजना हुने..........................अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश खेल सम्पुर्ण खेलकुद प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप ईमान्दार र निक्ष्पक्षताका साथ रेफ्री र अम्पायर जर्ज निर्णायकको भूमिका सावधानी, विवेक र निष्ठामा आधारित रहि खेलाउन शपथ ग्रहण गर्दछु ।

शपथ ग्रहण गर्नेको

दस्तखत ...................

नामथर........................

प्रमाणपत्र नं...................

जारी गर्ने

निकाय..................

मिति....................................

# अनुसुची -५

## परिच्छेद (३) को दफा १२(७) सँग सम्बन्धित

### सांस्कृतिक कार्यक्रम तर्फ भजन, रत्यौली, नृत्य, गायन, आदिसँग सम्बन्धित निर्णायकहरु सँग गरिने सम्झौताको ढाँचा

श्री मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र ..................बिधाको निर्णायक श्री .........

(यसपछि दोस्रो पक्ष भनिने) बिच मिति........................मा देहायको शर्तहरुको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई

निर्णायकको भुमिका सम्बन्धी सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति आपसमा बुझि लियौं दियौं ।

<u>शर्तहरु</u>

१ बिधाको निर्णायकको भूमिका निर्वाह गरे वापत पाउने पारिश्रमिक रकम: प्रचलित मापदण्ड बमोजिम नियमानुसार करकट्टी गरी

उपलब्ध गराईनेछ ।

२ काम गर्नुपर्ने स्थान: मोदी गाउँपालिका गाउँ कार्यपालिकाले सांस्कृतिक कार्यक्रम संचालन गर्न तोकेको स्थान

३ समय र अवधि : सांस्कृतिक कार्यक्रम संचालन अवधीभर (मिति ..............देखि .......................सम्म )

४ सम्झौतामा उल्लेख भएको भन्दा बाहेक अन्य कुनैपनि पनि सेवा सुविधा दोस्रो पक्षले माग गर्न पाउनेछैन ।

५ पहिलो पक्षले दोस्रो पक्षलाई गाउँपालिकाको प्रचलित खर्चको मापदण्डको बमोजिम खाना खाजा तथा बासको प्रवन्ध गर्नुपर्नेछ।

६ निष्पक्ष धाँधलीरहित रुपले निर्णायकको भूमिका निर्वाह गर्नुपर्नेछ ।

७ प्रतियोगीहरुलाई संविधान तथा प्रचलित कानुनले बर्जित गरेका कुनै पनि प्रकारको विभेद गर्न पाईनेछैन ।

८ प्रतियोगीहरुलाई समय र आचरणको परिपालनामा कडाईका साथ नियमन गर्नुपर्नेछ ।

९ आयोजकले निर्धारण गरेको तालिकामा प्रतिकुल असर नपर्ने गरी प्रतियोगिता संचालन गर्नुपर्नेछ ।

१० ................................प्रतियोगिताको नतिजामा कुनै पनि पक्षलाई चित्त नबुझेमा वा कुनै उजुरी परेमा तत्काल सोको निराकण

गर्न विवाद समाधान उपसमिति सँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

११ ............प्रतियोगिताको नतिजा तोकिएको ढाँचामा आयोजकलाई प्रतियोगिता सकिए पश्चात तुरुन्त उपलब्ध

गराउनुपर्नेछ ।

१२ .....................प्रतियोगिताको लागी निर्धारित समयलाई दोस्रो पक्षले कडाईका साथ पालना गर्नु गराउनुपर्नेछ ।

१३ ..............................प्रतियोगितामा लैंगिक संवेदनशिलतालाई कडाईका साथ कायम गर्नु गराउनुपर्नेछ ।

१४ निर्णायकले यस सम्झौताको उल्लंघन गरेमा प्रथम पक्षले जुनसुकै बखत यो सम्झौता रद्द गर्न सक्नेछ ।

१५ यस सम्झौतामा उल्लेख भएका विषय यसै सम्झौता बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको**

दस्तखत :..............................

नामथर :...............................

पद :.....................................

कार्यालय मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, पातिचौर पर्वत

**दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको**

दस्तखत:.....................................

नामथर:......................................

पद :..............................................

संस्थागत आवद्धता : .....................................

प्रथम पक्षको तर्फबाट रोहबर बस्नेको

दस्तखत: .................................

नामथर :.....................................

पद :..........................................

दोस्रो पक्षको तर्फबाट रोहबर बस्नेको

दस्तखत:.......................................

नामथर :.......................................

पद :..............................................

ईति सम्वत् .......................साल . ...........................महिना .............................गते रोज .....................शुभम